# आर्थिक वर्ष २०८०।०८१ को
# वार्षिक नीति, कार्यक्रम तथा बजेट

चिचिला गाउँपालिका

चिचिला, संखुवासभा

कोशि प्रदेश, नेपाल ।

२०८०

**गाउँ सभा सदस्य ज्यूहरु,**

१. यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाइ विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानसहित स्मरण गर्न चाहन्छु ।

२. जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी राज्य, भ्रष्टाचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यप्रति दृढ समाज यस *सरकारका आदर्श* हुनेछन् ।

३. विकासका लागि यस चिचिला गाउँपालिकाले गम्भीरताका साथ ध्यान दिनेछ । तथ्य, तर्क र कनूनका आधारमा नागरिकका जायज मागहरुलाई सुन्ने र पुरा गर्ने काम हुनेछ । यस सरकारले लोकप्रियताका लागि काम गर्दैन, नागरिकका लागि राम्रा काम गरेर लोकप्रिय हुनेछ ।

४. "समृद्ध चिचिला, सुखी चिचिलावासी" भन्ने चिचिला गाउँपालिकाको दीर्घकालीन उद्देश्य हासिल गर्न विभिन्न विषयक्षेत्रगत विकास नीति अवलम्बन गरिनेछ ।

५. राष्ट्रियता, लोकतन्त्र, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि बढ्न चिचिला गाउँपालिका प्रतिबद्ध छ । यो प्रतिबद्धता पुरा गर्न चिचिला गाउँपालिका सबै राजनीतिक दल र अन्य सरोकारवालाको साथ र *सहकार्यको लागि आव्हान* गर्दछ ।

६. चिचिला गाउँपालिकाले विकासप्रतिको सोच र प्रक्रिया, कार्य संस्कृति, शासकीय प्रणाली, अर्थतन्त्रको संरचना र सामाजिक न्यायका क्षेत्रमा रुपान्तरण गर्नेछ । विकास नीति, रणनीति, कार्यनीति, कानून, संस्था, जनशक्ति र स्रोत साधन, सहभागिता, सेवाप्रवाह र नतिजा अनुगमन एवम् मूल्याङकनका क्षेत्रमा *आमूल परिवर्तन* गरिनेछ ।

७. हाम्रा नीतिहरु प्रगतिशील र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन् । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्ने गरी अपूर्ण नीति र कानूनलाई पूर्णता दिइनेछ, आवश्यकता अनुसार नयाँ *नीति र कानून निर्माण* गरिनेछ ।

८. गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले

त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

९. यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरू**

**सभा सदस्यहरू,**

अब म आ.व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**१.आर्थिक विकास तर्फ**

**क) कृषि**

१) चिया, कफि खेती प्रवर्द्धन तथा प्रशोधनको लागि साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

२) उत्कृष्ट कृषि व्यवसायीलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

३) प्रत्येक वडामा कृषि तथा पशु प्राविधिकलाई परिचालन गरिनेछ ।

४) संसारमा दुर्लभ मानिएको पानी मकैलाई चिचिला गाउँपालिकाको विशिष्ट पहिचानयुक्त कृषि उपजको रुपमा विकास गर्न सम्बद्ध कृषकहरुलाई प्रोत्साहन दिइनेछ ।

५) निर्वाहमुखी कृषि पद्दतिलाई व्यवसायिक कृषितर्फ रुपान्तरण गर्न *माटो परीक्षण, जलवायु अनुकूल कृषि बालीको छनौट*लाई क्रमिक रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

६) चिचिला गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुको प्रकृति, स्वरुप र सम्भावनाका आधारमा समग्र भूमिको उपयोग गर्न *नीति अवलम्वन गरिने छ ।*

७) चिचिला वडा नम्बर ४ मा प्रारम्भ गरेको स्थानीय कृषि बजारलाई सुधार एवम् प्रवर्द्धन गर्दै साविकको दिदिङमा पनि कृषि बजारको व्यवस्था गरिने छ ।

८) कृषि उत्पादनलाई चाहिने बिऊ, औषधि, उपकरण र अन्य आवश्यक सेवाहरु निशुल्क वा साझेदारीमा *कृषि तथा पशु सेवा केन्द्र*मार्फत उपलब्ध गराइनेछ ।

९) कृषिजन्य उपजको भण्डारणका लागि*शीत भण्डारण*को व्यवस्था गर्न आवश्यक नीति अवलम्बन गरिनेछ । कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, बिक्री बितरण र मूल्यको अनुगमन र नियमन गरिनेछ ।

१०) कृषि तथा पशु सेवा शाखाबाट वितरण भएका कार्यक्रमहरुको प्रभावकारी अनुगमनको माध्यमबाट उपलब्धिमूलक बनाउदै लगिने छ ।

११) उन्नत जातको अलैंचीखेतीको लागि कृषि साझेदारीहरुसँग समन्वय गरी *अन्तर्राष्ट्रिय बजार*सम्म पहुँच वृद्धि गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

१२) **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको खाना उपलब्ध गराइनेछ।

१३) कृषि उत्पादनलाई व्यवस्थित र सुरक्षित बनाउन आधारभूत कृषिजन्य बालीहरुमा रोगहरुको पहिचान र सचेतना अभिवृद्धि गर्न आवधिक रुपमा *कृषिजन्य तालिम* सञ्चालन गरिनेछ ।

१४) चिचिला गाउँपालिकामा कृषि पेशामा आवद्ध कृषकहरुको आयआर्जन वृद्धि तथा मौसमी बेरोजगारीलाई न्यूनीकरण गर्न *कृषि सहकारी* सञ्चालनलाई प्रोत्साहन गरिनेछ ।

१५) चिचिला गाउँपालिका क्षेत्रमा कृषि क्षेत्रमा अनुकरणीय योगदान पुऱ्याए बापत वार्षिक रुपमा *सर्वोत्कृष्ट कृषि व्यवसायी* घोषणा गर्ने परिपाटीको सुरुवात गरिनेछ ।

१६) एक वडा एक पकेट क्षेत्र घोषणा गरी कृषि उत्पादनलाई अभिवृद्ध गर्दै व्यवसायीकरणमा जोड दिइनेछ ।

१७) छ्याङकुटी-चिचिला-कुवापानी-कसाने, देउराली क्षेत्र, उत्तर दक्षिण सडक दाँया बाया सडकको क्षेत्र कुवापानी-टाडे तिनघरे- खर्सु क्षेत्र, छ्याङ्कुटी-लहरी क्षेत्र, चिचिला-जुके-कागते क्षेत्र, गुरासे-खिङखिलाडाडा- वडा कार्यालय, जुरे डाडा क्षेत्र, लप्से देखि याफुडाडा क्षेत्रमा चिया खेतीको अनुदान कार्यक्रम गरी चिया उत्पादनमा अभिबृद्धी गर्नुको साथै पर्यटन उद्योगको समेत प्रवर्द्धन गरिने छ ।

१८) जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका संघ तथा प्रदेश सरकार सँग समन्वय गरी कार्यक्रम सन्चालन गरिने छ ।

१९) कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्न तरकारी खेती, फलफूल खेती, जडीवुटी खेतीको व्यवसायीकरण गर्न जोड दिइनेछ ।

२०) लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन कार्यमा जोड दिइने छ ।

२१) जडिबुटि नर्सरी केन्द्र र नमुना आधुनिक खेती व्यवसायलाई बढुवा दिइनेछ ।

२२) अर्गानिक खेती जस्तै तरकारी, च्याउखेती फलफूल खेती लक्षित गरी स्वरोजगार बनाउन बिशेष प्राथमिकता दिइनेछ ।

२३) अलैंची गुणस्तर वृद्धि तथा बजारीकरणको लागि सुधारिएको भट्टी अनुदान र वितरणमा सरकारी तथा गैरसरकारी संस्थासँग समन्वय गरिनेछ ।

२४) गरीब तथा विपन्न परिवारहरुलाई पहिचान गरी तरकारी खेतीका लागि वीउ वितरणमा अनुदान दिने नीति लिईनेछ।

२५) यस गाउँपालिकामा अन्य आवश्यकता अनुसार फलफुल तथा तरकारी संकलन केन्द्र निर्माण गर्न पहल गरिनेछ ।

२६) कृषि अनुदान कार्यक्रम अन्तर्गत ५०% (पचास प्रतिशत) साझेदारिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

२७) वितरणमुखी कार्यक्रमहरूलाई निरुत्साहित गरी परिमाणमुखी चक्लाबन्दि खेती पकेट क्षेत्रलाई ध्यान दिईनेछ ।

२८) आर्थिक सामाजिक रुपले पिछडिएका दलित अपांग विपन्न एकल महिलाहरुका लागि लक्षित कार्यक्रम सन्चालन गरिने छ ।

२९) गाउँपालिकाले बाँझो जमिन उपयोग हुने गरी नीति तथा कार्यक्रमहरू तय गरिनेछ ।

**ख) पशुपन्छी**

१) गाई भैंसीमा देखा परेको महामारी रोग लम्पि स्किन डिजीज नियन्त्रण तथा रोकथाम गर्न निःशुल्क प्राविधिक सेवा, साझेदारीमा औषधि वितरण गरिनेछ ।लम्पी स्किन रोग विरुद्ध साझेदारीमा भ्याक्सिनेसन कार्यक्रम ल्याईनेछ ।

२) रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्न भकारो सुधार कार्यक्रमलाई कार्यान्वयनमा ल्याउनुका साथै जैविक मल तथा विषादी उत्पादन गर्ने प्रोत्साहन गरिनेछ ।

३) पशुपालन क्षेत्रमा व्यापक सुधार गर्दै व्यवसायीकरणका लागि घाँस उत्पादन बढाउन नर्सरी व्यवस्थापन गर्दै लगिने छ । साथै घाँस उत्पादन बढाउदै पशु संख्यामा व्यापक बढोत्तरी गर्ने नीति अवलम्वन गरिनेछ ।

४) पशु व्यवसायलाई व्यवस्थित गर्न *पशु चरण*को लागि सम्भावित ठाउँ पहिचान गरी सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

५) *कृत्रिम गर्भाधान*लाई ग्रामीण दुर्गम क्षेत्रमा सामुदायिक पशु प्रजनन केन्द्रको सुरुवात गर्दै लगिने छ। यसका साथै नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

६) आधुनिक व्यावसायिक भेडा,बाख्रा,गाई,भैंसी, बंगुर लगायत अन्य *पशुपंक्षी फर्म*को विकास गर्न जोड दिइनेछ।

७) गाउँपालिका स्तरीय वडास्तरीय *घुम्ती पशु शिविर* सञ्चालन गरिनेछ ।

८) हिउँदमा *पशुहरुको आहारा* आपूर्तिको लागि स्थानीय पोषिला घाँसहरुको पहिचान संरक्षण गरी स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ ।

९) अनुदान कार्यक्रम अन्तर्गत ५०% पचास प्रतिशत साझेदारिमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) आर्थिक सामाजिक रुपले पिछडिएका दलित अपांग विपन्न एकल महिलाहरुका लागि लक्षित कार्यक्रम सन्चालन गरिने छ ।

११) गाउँपालिकाका प्रत्येक वडामा पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न प्रविधिकहरु खटाइने छ ।

**ग) पर्यटन**

१) चिचिला गाउँपालिकाको पर्यटनको मुख्य आकर्षणको केन्द्रहरु (कुवापानी-बुलथाम-किरातेश्वर-कसाने क्षेत्र, हिरक पार्क, मत्स्यपोखरी, कागते बोझो पार्क, पोखरीगाउँको पन्चकन्या देवीपोखरी, चिचिला-ठूलो देउराली-रमिते डाडा-छ्याङ्कुटी, सिप्रुङ्मा छागा, नागदह, चमेरोगुफा, चुच्चेढुङ्गा, तारेभिर खिङ्खिलाडाडा-धर्मदेवी-डाडाश्वोर लगायत) लाई गुरुयोजना तयार भईसकेको र गुरुयोजना हुन बाँकी

रहेका क्षेत्रहरूमा नीजि क्षेत्र, आयोजना निर्माणकर्ता, गैर सरकारी संघसंस्थाको समन्वयमा निर्माण कार्य अगाडी बढाईनेछ ।

२) छिमेकी पालिकाहरुसँग पर्यटन, भौतिक पूर्वाधार निर्माण गर्नका लागि लागत साझेदारीमा सहकार्य गरी विकास निर्माणका कार्यहरु अगाडी बढाईनेछ ।

३) बलुथाम पर्यटन क्षेत्र देखि देउरालीसम्मको क्षेत्रलाई गुँरास संरक्षण क्षेत्रको रुपमा विकास गर्न पर्यटन क्षेत्रसँग सम्बद्ध निकायहरुसँग समन्वय गरिनेछ ।

४) पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यसका लागि पर्यटन व्यवसायी र युवाहरुलाई पर्यटन उद्योगमा आकर्षित गर्न आवश्यक तालिम उपलब्ध गराइनेछ ।

५) मकालु हिरक पार्क निर्माणलाई उच्च प्राथमिकता दिई नेपाल पर्यटन बोर्ड, होटल एसोसियसन नेपाल, नेपाल माउन्टेनरिङ एसोसियशन, ट्रेकिङ एजेन्सिज एसोसियशन अफ नेपाल, नेपाल एसोसियशन अफ टुर एण्ड ट्राभल एजेण्टसँग आवश्यक समन्वय गरिनेछ । निर्माणधिन कार्यलाई निरन्तरता दिई सम्पन्न गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालयसँग आवश्यक समन्वय तथा बजेट व्यवस्थापन गर्न पहल गरिनेछ ।

६) चिचिला गाउँपालिकामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरुलाई जोड्ने यातायात र पदमार्गहरुलाई व्यवस्थित गरी निरन्तर मर्मत सम्भार गरिनेछ ।

७) चिचिला गाउँपालिकाको सामाजिक साँस्कृतिक विकासका लागि होम स्टे व्यवसाय दर्ता गरी व्यवसायी बन्ने टोल विकास संस्था एवम् नागरिकहरूलाई आवश्यक परामर्श तथा तालिमको ब्यवस्थापन गरिनेछ । साथै विभिन्न पर्यटकीय स्थलहरुलाई पिकनिक स्पटको रुपमा विकास गर्दै गाँउपालिकाको आन्तरिक आय सँग समेत आवद्ध गर्दै लगिने छ ।

८) अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**घ) उद्योग**

१) औधोगिकग्राम निर्माण तथा सन्चालन गर्न आवश्यक प्रकृया अगाडी बढाइने छ । बजेट व्यवस्थापनका लागि संघीय सरकार तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिने छ ।

२) चिचिला गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी सञ्चालन र नियमनका लागि आवश्यक नीति अवलम्बन गरिनेछ ।

३) चिचिला गाउँपालिकामा सहकारीमार्फत सञ्चालित *जडिबुटी तथा कृषिजन्य उद्योग,* कृषि उपज संकलन केन्द्र/सित भण्डारणका लागि लागत साझेदारी कार्यक्रममा बढवा दिइनेछ ।

४) चिचिला गाउँपालिकाभित्र *घरेलु तथा साना उद्योग*को सन्चालनमा प्राथमिकता दिइने छ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी सन्चालन गर्न सकिने *घरेलु तथा साना उद्योग* जस्तै राडीपाखी, खाँडी, अल्लो बुनाइ, ढाका बुनाइ, चिया पानीमकै, ताकमारु धान, पाङदुर, कागुने, फापर तथा सिस्नो प्रशोधन, चप्पल उद्योग, दुधजन्य उद्योग जस्ता उत्पादन लाई प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।उक्त कार्यलाई उद्यम विकास कार्यक्रम अन्तर्गत कार्य गरिनेछ ।

५) चिचिला गाउँपालिकामा बाँसजन्य, काठजन्य *उत्पादन*लाई व्यवसायीकरण गर्न विषय विशेषज्ञसँगको समन्वयमा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।

६) युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

७) औधोगिकग्राम निर्माणको लागि आवश्यक जग्गा प्राप्त गर्नका लागि वडा, टोलहरूमा निःशुल्क जग्गा प्राप्तीको लागि सूचना आव्हान गरीनेछ तर निःशुल्क जग्गा प्राप्त नभएमा प्राप्ती भईसकेको जग्गामा औधोगिकग्राम निर्माणको लागि कार्यपालिका तथा गाउँसभाको निर्णयले निर्माण गर्न सक्ने नीति लिईनेछ ।

**ङ) सहकारी**

१) समस्या ग्रस्त सहकारी संस्थाहरुको व्यवस्थापनका लागि प्रक्रिया अगाडी बढाइनेछ ।

२) सहकारी संस्थाहरु वित्तिय सुशासन कायम गर्न अनुगमन कार्यलाई प्रभावकारी वनाउदै उत्कृष्ट सहकारी संस्थालाई सम्मान तथा पुरस्कृत गरिने छ ।

३) सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासका लागि साझेदारीमा कार्यक्रम सन्चालन गरिने छ ।

४) सहकारी संस्थालाई सफ्टवयेर प्रणाली (COPO-MIS) मा आवद्ध गर्न सहकारी विभाग सँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

५) कृषि सहकारी संस्था स्थापना तथा प्रवर्द्धन जोड दिइने छ । एक वडा एक कृषि सहकारी संस्थाको नीति अवलम्वन गरिने छ ।

६) स्थानीय तहको दीगो र समतामूलक आर्थिक विकास तथा अग्रगामी सामाजिक रुपान्तरणका लागि *सवल र सक्षम सहकारी प्रणाली*लाई विकास गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

७) स्थानीय श्रम, सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीलाई *अर्थतन्त्रको एक सबल स्तम्भ*को रूपमा विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको लक्ष्यमा योगदान पुर्‍याउने नीति अवलम्बन गरिनेछ ।

८) शिक्षा, तालिम र सूचनाको माध्यमबाट *सहकारीको संस्थागत क्षमता विकास* र सहकारीसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने सम्बन्धमा आवश्यक नीतिहरू अवलम्बन गरिने छ ।

९) कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा *सहकारीलाई क्रियाशील* तुल्याउने नीति अवलम्बन गरिनेछ ।

१०) सहकारीको विकास, विस्तार र प्रवर्द्धनको लागि दीर्घकालीन योजना, मानव संशाधन विकास, आवश्यक *संगठन संरचनाहरुको निर्माण* एवम् कानुनी व्यवस्थाहरु तय गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

११) सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न सरकार, सहकारी, नीजी क्षेत्र तथा विकास साझेदारहरु बीच *सहकार्य र सहयोग*लाई प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) सहकारीको निर्दिष्ट मूल्य र सिद्वान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्बन तथा नियमन मार्फत *सहकारी क्षेत्रमा सुशासन* कायम गर्ने नीति अंगीकार गरिनेछ ।

१३) महिला, गरीब, अपाङ्ग, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरुका साथै आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउन *सहकारीको पहुँच अभिवृद्धि* गरिनेछ ।

**च) रोजगार प्रवर्द्धन**

१) गाउँपालिकाबाट आ.व. २०८०।०८१ मा वार्षिक बजेट विनियोजन गर्दा प्रत्यक्ष रोजगारी सिर्जना हुने आयोजनाहरुलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

२) स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।

३) गाउँपालिकाबाट विनियोजित योजनाहरुबाट प्रत्यक्ष लाभग्राहीहरु स्थानीयबासी हुने र स्थानीयबासीमा रोजगारी सिर्जना हुने अवस्थामा उक्त आयोजनाहरु टोल विकास संस्था वा उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ ।

४) बैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ ।

५) गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी विभिन्न क्षेत्रहरुमा सीप तथा क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गर्ने प्रस्तावना पेश भएको खण्डमा उक्त कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरुसँग समन्वय गरेर दोहोरोपन नआउने गरी क्षेत्र निर्धारण गरिनेछ ।

६) वैदेशिक रोजगारबाट आर्जित पूँजी, सीप, अनुभवको प्रयोग गरीस्वदेशमा उद्यमशीलता प्रवर्द्धन क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गरिनेछ ।

७) सुचिकृत बेरोजगारहरुलाई न्युनतम रोजगारी सुनिश्चित गर्न व्यबसायिक कृषि, सिंचाई, खानेपानी, नदि नियन्त्रण, बन, पर्यटन, पदमार्ग, यातायात पुर्वाधार लगायतका सार्बजनिक कार्यहरुमा सहकार्य समन्वय गरि एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गर्न प्रयत्न गरिनेछ ।

८) एकिकृत श्रम तथा रोजगार कार्यक्रम अन्तर्गत निजि,सहकारी तथा गैरसरकारी क्षेत्र संग समेत लागत साझेदारी गरी आवश्यक समन्वय र सहकार्य गरी ति क्षेत्रहरुमा थप रोजगारिको अवसर सिर्जना गरिनेछ ।

९) रोजगारी सिर्जना गर्दा सार्बजनिक क्षेत्रका बिकास निर्माण सम्बन्धि कार्यक्रम तथा आयोजनाहरुमा श्रमिकको माग हुने र मागबमोजिमका श्रमिकहरुका आपुर्ति रोजगार सेवा केन्द्र मार्फत श्रमको माग र आपुर्तिको औपचारिक संयन्त्रको बिकास गरिनेछ ।

१०) श्रमिकमा हुने क्षमता तथा सिप अभावका कारणले स्थानिय तहमा देखिएका श्रमिकको माग र आपुर्तिको बिचको अन्तरलाई कम गर्न यस कार्यक्रम अन्तर्गत श्रमिकको क्षमता तथा सिप वृत्ती बिकास कार्यक्रमहरु समेत सञ्चालन गरिनेछन ।

११) स्थानिय स्तरमा रोजगारिको प्रवर्दनका लागि सार्बजनिक निर्माण कार्यहरुमा सम्भव भएसम्म श्रममुलक प्रबिधिलाई जोड दिइनेछ ।

१२) रोजगारि सिर्जनाका लागि आवश्यक नितिगत निर्णयहरु गरी कार्यान्वयन गरी थप आन्तरिक रोजगारि सिर्जना गर्न आवश्यक व्यबस्था गरिनेछ ।

१३) रोजगार विनिमय बजार अन्तर्गत रोजगारदाता (employer) र अवसरको खोजिमा रहेका (job seekers) हरुको साझा मंचको सुरुवात गरिनेछन् ।

१४) चिचिला गाउँपालिकाभित्र रोजगार सृजना हुने संस्था, निर्माणकर्ताहरूले गाउँपालिकाको कार्यालयमा रहेको रोजगार सेवा केन्द्रद्धारा श्रमिक उपलब्ध गराउने नीति ल्याईनेछ ।

१५) रोजगारदातासंग सम्पर्क स्थापित गर्न “बिनिमय सेवा” सञ्चालन गरिनेछ ।

१६) पालिकाभित्र आवश्यक पर्ने फर्निचर तथा फिक्चर्स स्थानीय दक्ष मिस्त्रीद्धारा स्थानीय स्रोत साधनको उपयोग गरी स्थानीय क्षेत्रमा रोजगारीको सृजना गर्दै आर्थिक समृद्धीको नीति लिईनेछ ।

## २. सामाजिक विकास तर्फ

### क) शिक्षा

१. चिचिला गाउँपालिकाले शिक्षा क्षेत्रलाई समृद्धिको आधारको रुपमा ग्रहण गर्दै एक स्थानीय तह एक नमूना विद्यालयको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ ।

२. आगामी आ.व.मा अंग्रेजी पठनपाठनको लागि वि.व्य.स. र अभिभावकसँग छलफल सुझावको आधारमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न व्यवस्था मिलाईनेछ ।

३. विद्यालय सेवा क्षेत्रको विद्यार्थी सङ्ख्या कम भई अन्य पालिकाको तथा अन्य नीजि विद्यालयको विद्यार्थी पढाउनु पर्ने भएमा त्यस्ता विद्यार्थिहरूको लागि छात्राबासको व्यवस्थापन गरिनेछ ।

४. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति अवलम्वन गरी पठनपाठनलाई समयसापेक्ष बनाइने छ ।

५. विद्यालयहरुमा शिक्षकहरुको नियमितता तथा प्रभावकारी शिक्षण सिकाई क्रियाकलापको लागि विद्यार्थी चेक लिष्ट तथा इ-हाजिरी क्रमागत रुपमा विद्यालयहरुमा लागु गरिदै लगिनेछ ।

६. विगतमा रहेको नीजी स्रोतको शिक्षकहरुको समस्यालाई निर्मुल पार्दै विद्यार्थी सङ्ख्याको प्रक्षेपण गरी शिक्षकको दरबन्दी पदपूर्ति गरिनेछ ।

७. चिचिला गाउँपालिकाबाट व्यवस्थापन गरीएको करार शिक्षकको करारनामा अनुसार भन्दा बढी विना जानकारी बिदा बसेमा नीजको पारिश्रमिक दैनिक हाजिरी भए बमोजिम मात्र पारिश्रमिक उपलब्ध गराईने व्यवस्था गरिनेछ ।

८. योग्य र बरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पिएर बिद्यालय प्रशासन तथा ब्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्रधानाध्यापक मिलान कार्यलाई यथासक्य सुदृढीकरण गरिनेछ ।

९. शिक्षाको अवधारणालाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न सम्वन्धित शैक्षिक सरोकारवालासँग संयुक्त योजनासहित सहकार्य र समन्वयको नीति लिईनेछ ।

१०. बिद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समिति, गाउँ शिक्षा समितिको गठन गरेर शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११. बिद्यालयलाई प्रदान गरिने बिभिन्न अनुदान रकमहरुलाई लक्षित विद्यार्थी सम्म पुऱ्याउन आर्थिक पारदर्शिताको नीति अवलम्वन गरिनेछ र बिद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

१२. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयमा बिद्यालय बाहिर रहेका बिद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारीक शिक्षाको मुल प्रवाहमा समेट्न बिभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारीक शिक्षा संचालन गर्न पहल गरिनेछ ।

१४. चिचिला गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा शिक्षकलाई कामकाजमा खटाईनेछ ।

१५. यस चिचिलागाउँपालिका अन्तर्गतका बिद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकूद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ ।

१६. यस चिचिलागाउँपालिकामा रहेका सबै बिद्यालय तथा बाल विकास केन्द्रलाई स्तरबृद्धि गरी शिक्षकहरुलाई क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

१७. चिचिला गाउँपालिका अन्तरगतका सबै विद्यालयहरूमा कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम लागू गरिनेछ ।

१८. शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त गराइनेछ । चिचिला गाउँपालिकाका विद्यालयहरुलाई शान्ति क्षेत्र बनाइनेछ । विद्यालय शिक्षकको विषयगत गुणस्तर मापदण्ड तयार गरिनेछ । यसका आधारमा शिक्षकहरुलाई प्रोत्साहन र दण्डको व्यवस्था गरिनेछ । समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा चिचिला गाउँपालिकाभित्र एक उत्कृष्ट विद्यालयलाई पुरस्कार प्रदान गरिनेछ ।

१९. सूचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ ।

२०. गाँउपालिका भित्र माध्यमिक विद्यालयहरु मध्ये SEE परिक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने चार जना विद्यार्थिलाई विज्ञान विषयमा उच्चशिक्षाको लागि छात्रवृतिको लागि व्यवस्था गरिनेछ ।

२१. गाउँपालिका भित्रका विभिन्न कारणले आमाबुवा गुमाएका वालबालिकालाई निःशुल्क उच्च शिक्षाको व्यवस्थापन गरिनेछ ।

२२. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

२३. चिचिला गाउँपालिकाभित्र शिक्षक, कर्मचारी, वि.व्य.स. पदाधिकारी, अभिभावक, जनप्रतिनिधिहरूका बालबालिकाहरू नीजि विद्यालयहरूमा अध्ययन अध्यापन गराई राखेको हुँदा अनिवार्य सामुदायिक विद्यालयहरूमा अध्ययन गराउने नीति अबलम्बन गरीनेछ ।

**ख) स्वास्थ्य**

१. जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति ब्यवस्थापन र परिचालनका लागि मानव संसाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

२. चिचिला गाँउपालिकामा सुविधा सम्पन्न ५ शैया अस्पताल निर्माणाधिन रहेकाले उक्त अस्पतालको निर्माण कार्य अबिलम्ब सम्पन्न गरी सेवा प्रवाह सञ्चालनमा ल्याईनेछ ।

३. यस गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गर्न यस गाउँपालिकाका सबै वडा र बस्तीहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरीक्षण गरी आवश्यक ब्यवस्थापन गर्न पहल गरिनेछ ।

४. विभिन्न निकायहरुसँग आवश्यक समन्वय गरी एम्बुलेन्स सेवा थप गरी चिचिला गाउँपालिकामा सञ्चालन गरिनेछ ।

५. चिचिला गाउँपालिका भित्र रहेका ज्येष्ठ नागरिक (८० वर्ष माथिका) "क" वर्गका अपाङ्गता दलित मध्येका अति विपन्न) तथा अति विपन्नता भएमा उपचारका लागि स्वास्थ्य संस्था सम्म जानको लागि एक तर्फी एम्बुलेन्स सेवा निशुल्क प्रदान गरिनेछ ।

६. गाउँघर क्लिनिक केन्द्रलाई स्वास्थ्य इकाईमा स्तर वृद्धि गर्दै लगिनेछ ।

७. गाउँघर क्लिनिक केन्द्र सञ्चालनका निमित्त विद्यालयको प्रयोग नभएको कक्षाकोठा, सामुदायिक भवनहरु प्रयोग गरिनेछ ।

८. गाउँघर क्लिनिक वा स्वास्थ्य इकाई सञ्चालन भएका स्थानहरुमा सेवाग्राहीहरुको चापको आधारमा कर्मचारीहरुको व्यवस्थापन गरिनेछ ।

९. चिचिला गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ ।स्वास्थ्य बीमालाई अनिवार्य गर्दै गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा सँग आवद्ध गरिनेछ ।

१०. चिचिला गाउँपालिकामा स्वास्थ्य प्रयोगशाला निर्माणको सम्भाव्यता अध्ययन सुरु गरी सञ्चालन गर्न आवश्यक नीति तय गरिनेछ ।

११. वर्थिङ सेन्टर, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य चौकी, क्लिनिकहरूबाट सेवा प्रवाह अझ प्रभावकारी बनाईनेछ ।

**ग) खानेपानी तथा सरसफाई**

१. गाउँपालिका भरी स्वच्छ, सफा खानेपानीको व्यवस्था गर्न *एक घर, एक धारा* खानेपानी उपलब्धताको लागि विकासका साझेदारहरुको सहयोग र समन्वयमा थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकतामा राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ ।

३. गाउँपालिकाबाट सञ्चालित खानेपानी आयोजनाहरुको अपनत्व बोध गराउन उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चित गरिनुका साथै मर्मत सम्भार समितिलाई क्रियाशिल गराइनेछ ।

४. चिचिला गाउँपालिकाको पोखरीगाउँ-बर्खेलाई खानेपानी व्यवस्थापनको लागि पहिलो प्राथमिकतामा राखिनेछ ।

५. खानेपानीको जटिलता, समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

६. एकीकृत जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी चिचिला गाउँपालिकाका जलासय क्षेत्रहरुको विशेष संरक्षण गरिनेछ ।

७. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू र जलाधार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

८. चिचिला गाउँपालिकाभित्र एक घर एक धाराको व्यवस्था गर्न सुख्खाग्रस्त क्षेत्रमा लिफ्टिङ खानेपानी योजना अघि बढाइनेछ ।

## घ) संस्कृति प्रवर्द्धन

१. चिचिला गाउँपालिका भित्र वसोबास गर्ने आदिवासी जनाजातिहरुको संस्कृति संरक्षण तथा प्रवर्द्धनका लागि आदिवासी जनजाति उत्थान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

३. चिचिला गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ ।

४. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

५. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

६. चिचिला गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

७. चिचिला गाउँपालिकाका कला, साहित्य र संस्कृतिको जगेर्ना र विकास गर्न चिचिला गाउँपालिकाले प्रतिष्ठान स्थापना गर्न आवश्यक पहल गर्नेछ ।

८. चिचिला गाउँपालिकामा बसोबास गर्ने आदिवासी जनजाति सूचिकरणका लागि आवश्यक कानुन निर्माण गरी सूचीकरण प्रक्रिया अगाडी बढाईनेछ ।

## ङ) युवा, खेलकूद तथा मनोरञ्जन

१. चिचिला गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास कार्यक्रम सञ्चालन निरन्तरता दिदै खेलकुद कार्यक्रम आयोजना गर्न उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ ।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

३. चिचिला गाँउपालिकामा बृहत रंगशाला र मिनिरंगशाला खेलग्रामको जग्गाको व्यवस्थापन गरी खेलकुद क्षेत्रमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

४. संघीय सरकार, प्रदेश सरकारबाट आएको खेलकुद मैदान निर्माण आएको योजना अन्य वडा/टोलमा तोकिएमा सम्बन्धित वडासँग समन्वय छलफल गरी अन्य वडा पालिका स्तरीय खेलकुद ग्राउण्ड निर्माणमा लगाउन सम्बन्धित मन्त्रालय/कार्यालयमा समन्वय गरी कार्य गर्ने व्यवस्था मिलाईनेछ ।

५. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ।
६. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न उद्योगी व्यवसायी हरु सँग सहकार्य र साझेदारी गरिनेछ।
७. चिचिला गाउँपालिका भित्र रंगशाला निर्माणका लागि निःशुल्क जग्गा व्यवस्थापन भएका स्थानहरूमा रंगशाला यसै आ.व.बाट निर्माण गर्दै लगिनेछ ।
८. प्रत्येक वडा तथा टोलमा खेलमैदान निर्माणको लागि निःशुल्क जग्गा व्यवस्थापन सम्बन्धीत वडा तथा टोलले गरेमा खेलमैदान निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

**च) लैंगिक समानता, समाजिक सुरक्षा तथा सामाजिक समावेशीकरण**

१. महिला व्यवसायी तथा उद्यमीलाई साझेदारी लगानी कार्यक्रम सञ्चालन गरिनेछ ।
२. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
३. आमा समूह, समिति, महिला सहकारीहरूलाई विकासका कार्यक्रमहरुमा प्रभावकारी रुपमा सहभागी गराइनेछ ।
४. महिला विरुद्धका सबै किसिमका हिंसा र विभेदलाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । चिचिला गाउँपालिकाभित्र सञ्चालन गरिने कार्यक्रमहरु महिलामैत्री बनाइनेछ । साथै, चिचिला गाउँपालिकामा बाल कल्याण अधिकारी तोकि कार्य सञ्चालन गरिनेछ ।
५. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैर सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।
६. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वयन गरिनेछ।
७. सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
८. चिचिला गाउँपालिकाभित्रका विपन्न नागरिकका लागि आवास व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ।
९. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
१०. सामाजिक सुरक्षा वितरण गर्दा आर्थिक पारर्दशितालाई अनिवार्य चुस्त दुरुस्त बनाइनेछ ।
११. आपत्कालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।
१२. बिभिन्न लक्षित बर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गरि कार्यान्वयनमा ल्याईनेछ ।
१३. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१४. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

१५. महिला तथा बालबालिकामाथि हुने बिभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ ।बाल श्रम शोषण, बहु विवाह र बाल बिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

१६. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य शसक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ ।

१७. अपाङ्गता तथा फरक क्षमता भएका ब्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यिवन गरिनेछ ।

१८. चिचिला गाउँपालिका भएका अपाङ्गताहरूलाई स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ । ।स्वास्थ्य बीमालाई अनिवार्य गर्दै गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा सँग आवद्ध गरिनेछ ।

१९. चिचिला गाउँपालिकाभित्र अपाङ्गता सहायता कक्ष (हेल्प डेस्क) सञ्चालनमा ल्याईनेछ ।

**छ) गरीबी न्यूनीकरण**

१) नेपालको संविधानमा उल्लिखित जनताको मौलिक हक तथा सम्बद्ध नीतिहरुको साथै दीगो विकासका लक्ष्य अनुसार गरीबी हटाउने कार्यको लागि समेत चिचिला गाउँपालिकाले *आवश्यक रणनीति र कार्यनीति* तय गरी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

२) यस गाउँपालिकालाई गरिबीमुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ । गरिबी निवारण तथा सामुदायिक विकासमा संलग्न गैरसरकारी संस्था तथा वैदेशिक सहयोगलाई *एकद्वार प्रणाली* मार्फत गरिबी घटेको परिणाम देखिने कार्यक्रम तय गर्ने नीति चिचिला गाउँपालिकाले लिनेछ ।

३) गरिबहरुको सङ्ख्या यकिन गर्न चिचिला गाउँपालिकाले सञ्चालन गर्ने गरिब घरपरिवारको पहिचान कार्यको थालनी गर्नेछ । स्थानीय मानक समेत रहने गरी *गरिबी परिचय पत्र*को व्यवस्था गरिनेछ । सो परिचयपत्र धारकहरुलाई कार्यविधि तय गरी क्षमता अभिवृद्धि, पूँजीगत अनुदान तथा रोजगारी दिइनेछ । अनुदान, सेवा सुविधा वा सहुलियतलाई कामसँग आवद्ध गरिनेछ ।

४) चिचिला गाउँपालिकाभित्र सञ्चालन हुने आयोजना, परियोजना स्थलमा रोजगार व्यवस्थापन गरी अन्य सीप विकास मूलक कार्यक्रम अति विपन्न, गरिब घरपरिवारलाई रोजगारी प्रदान गरी गरीबी न्यूनीकरण गरिनेछ ।

## ३. भौतिक पूर्वाधार विकास तर्फ

### क) सडक तथा यातायात

१. चिचिला चक्रपथलाई *चिचिला गौरवका सडक* सञ्जालको रुपमा विकास गरिनेछ । सडक यातायातको सञ्चालन गर्न, लगत तथा दुरी कम गर्न, सडक सुरक्षा सुनिश्चित गर्न आवश्यकता अनुसार सडकको रेखाङ्कन गर्न चिचिला समृद्धिको गुरुयोजना निर्माण गरिनेछ । उक्त चिचिला गाउँपालिकाको चक्रपथ ठूला तल्लो अरूण जलविद्युत आयोजना, अरुण तेस्रो जलविद्युत आयोजना तथा परियोजनाले प्रयोग गर्नु परेमा वा प्रयोग गरेमा सडकमा पर्ने जग्गाको उचित मुआब्जा उपलब्ध गराई परियोजनाबाटै स्तरउन्नत्ती गर्ने व्यवस्था गरिनेछ ।

२. वडा स्तरका सडक तथा गोरेटा बाटोहरुलाई *सम्भाव्यता अध्ययन* पछि मात्र योजना छनौट गरी बजेट विनियोजन गरिनेछ ।

३. चिचिला गाउँपालिकाको आ.व. २०८०/०८१ वडास्तरमा दक्ष डकर्मीहरुको छनौट गरी वहाहरु मार्फत प्रत्येक योजनामा सम्बन्धीत वडाका बेरोजगार नागरिकहरुलाई तालिम सञ्चालन सिप तथा रोजगार प्रदान गरी योजना सञ्चालन स्थलमा नै सम्पादन गरिनेछ ।

४. सडकको क्षेत्राधिकार मिचिने गरी मानव निर्मित समस्या खडा गर्ने कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ । सडकको क्षेत्र नियमानुसार अनिवार्य छोड्न छोडाउन पहल गरिनेछ ।

५. सडकलाई निरन्तर सञ्चालन गर्नका लागि पक्की पुल, पानीका ढल तथा नाली व्यवस्थापन गरिनेछ साथै प्रत्येक वडाहरुमा क्रमिक रुपमा मोटरबाटोलाई स्तरोन्नति गरिनेछ ।

६. चिचिला गाउँपालिकाको सबै वडाहरु तथा टोलहरुलाई समेट्ने गरी सडक विस्तार भईरहेको मोटरबाटोलाई रणनीतिक महत्वको मोटरबाटोको स्तरोन्नति गरी बाह्र महिना चल्ने बनाइनेछ ।गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह परिचालन गरी सडक स्तरोन्नति गरिनेछ ।

७. सडक पहुँच नपुगेका क्षेत्रहरुमा नयाँ ट्र्याक खोली सडक विस्तार गर्ने कार्यलाई प्राथमिकता साथ द्रुत गतिमा अगाडि बढाइनेछ ।ट्र्याक ओपन भइसकेका सडकहरुलाई स्तरोन्नति गरिने छ ।ग्रेड मिलाउन ३० प्रतिशत मेशिन सोलिङ ड्रेन व्ल्याक टप स्ट्रक्चरको कार्यमा ७० प्रतिशत अनिवार्य गरिने छ ।

८. चिचिला गौरवका आयोजना अन्तरगत चिचिला चक्रपथको अवधारणा वमोजिम DPR को व्यवस्था गरी स्तरोन्नति गरी सुविधासम्पन्न सडक बनाउन त्यस्ता परियोजना तथा आयोजना, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरीनेछ ।

९. चिचिला गाउँपालिकामा संचालन हुने जुनसुकै योजना तथा कार्यक्रमहरु एकद्धार प्रणाली मार्फत सञ्चालन गरिनेछ ।

१०. मुख्य सडक सञ्जालबाट टाढा भएका वस्ती तथा प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी पक्की पुल व्यवस्थापन गर्न काठेपुलहरुलाई विस्थापित गरिनेछ ।

११. चिचिला गाउँपालिकामा रहेका वडा सडक, ग्रामीण सडक सञ्जाल, पुल पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लगत संकलन गरी कित्ताकाट गराउने नीति अवलम्बन गरिनेछ ।

१२. आर्थिक वर्ष २०७९।०८० सम्ममा सञ्चालन भई अधुरा रहेका आयोजनाहरु निरन्तरता दिई पुर्णता दिईनेछ ।

**ख) भवन निर्माण**

१) चिचिला गाउँ कार्यपालिकाको प्रशासकीय भवनको गुरु योजना तयार भै सकेको र १ तला निर्माण कार्य सम्पन्न भै सकेको तर गुरु योजना बमोजिम निर्माण कार्य सम्पन्न नभएकोले निर्माण कार्यको लागि अगाडी बढाईनेछ ।

२) बहुवर्षिय योजनाहरू हिरक पार्क, ५ शैया अस्पताल निर्माण, निर्माण स्थलको भौतिक संरचना तथा संरक्षण गर्न आवश्यक व्यवस्थापन गरी अविलम्व सेवा सुचारु गरिने छ ।

३) साविकमा निर्माण सुरूभई अधुरो रहेकाजलविद्युत आयोजनाहरुलाईआवश्यकता तथा दीगोपनाको आधारमा पूर्णता प्रदान गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

४) प्रदेश सरकार, केन्द्र सरकार बाट यस गाँउपालिका भित्र सञ्चालन गर्ने आयोजनाहरु यस गाँउपालिकाद्धारा D.P.R., गुरुयोजनाको आधारमा निर्णय गरिएका योजनाहरु छनौट गरि पठाईनेछ ।

५) अरूण तेस्रो जलविद्युत आयोजना क्षेत्रमा प्रभावित क्षेत्रमा साविक मत्स्यपोखरी गा.वि.स.को चिचिला बजार, कुवापानी, सक्रान्ते, हुरुरु, देउराली क्षेत्रलाई प्रभावित क्षेत्रमा सुचिकरण छुट भएको हुँदा प्रभावित क्षेत्रमा समावेश गर्न लगानी बोर्ड, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय साथै सम्बन्धित मन्त्रालयमा पहल गरिनेछ ।

६) निर्मित सार्वजनिक भवन तथा सामुदायिक भवनको संरक्षण, मर्मत संभार, समुचित एवम् दिगो उपयोगलाई उच्च प्राथमिकता दिइने छ ।

**ग) भवन तथा भवन संहिता**

१) चिचिला गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरुका लागि नियमन गर्न आवश्यक कानुन निर्माण गरिने छ ।

२) गाउँपालिका क्षेत्रमा अनधिकृत रुपमा गरिने प्लटिङलाई पूर्ण रुपमा निरुत्साहन गरिनेछ ।

३) सहकारी तथा सामुदायिक भवनहरु निर्माणको प्रस्तावनाहरु उपर जनसाङ्ख्यिक अनुपात, आवश्यकता, प्रतिफल र औचित्य समेतलाई मध्यनजर गरी चिचिला गाउँपालिकाले पूँजीगत अनुदान उपलब्ध गराउन सक्नेछ ।

४) एकीकृत वस्ती विकासको अवधारणालाई वस्ती विकास कार्यक्रम तय गरी लागु गर्न दीर्घकालीन रणनीति बनाइनेछ ।

५) सुरक्षित वस्ती स्थानका आधार तथा मापदण्डहरु निर्धारण गरी वस्ती विकासलाई व्यवस्थित गरिनेछ ।

६) स्वच्छ, सुन्दर, सुबिधा सम्पन्न तथा सुरक्षित वस्ती विकास र योजनावद्ध एवं दीगो शहरीकरण सुनिश्चित गरिनेछ ।

७) चिचिला गाउँपालिकामा शवदाहस्थललाई व्यवस्थित गर्दै लगिनेछ ।

८) चार किल्ला प्रमाणित गर्नका लागि अनिवार्य जग्गाधनीले अमिन व्यवस्था गरी सम्बन्धित वडाबाट चारकिल्ला प्रमाणित सिफारिस दिईनेछ ।

**घ) सूचना तथा सञ्चार प्रविधि**

१) डिजिटल चिचिला गाउँपालिकाको अभियानलाई साकार पुऱ्याउन प्रत्येक वडाहरुमा इन्टरनेट सेवा जडानगरीएको छ । सो को स्तरवृद्धी गर्दै समुदायस्तर सम्म विस्तार गरिनेछ ।

२) सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सेवाहरु, रेडियो, टेलिभिजन प्रसारणको व्यापक पहुँच एवम् विस्तार सुनिश्चित गर्न कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

३) विकास एवम् सार्वजनिक सेवा प्रवाह सम्बन्धी चुनौति सामना गर्न सूचना तथा प्रविधिमा आधारित नवीनतम तथा मौलिक प्रयोग प्रवर्द्धन गर्न विशेष कार्यक्रम लागु गरिनेछ ।

४) चिचिला गाउँपालिकामा सर्भरको विकासका लागि सम्भाव्यता अध्ययन गरी यथासक्य प्रयोगमा ल्याइनेछ।

५) शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ ।

६) निजी क्षेत्र समेतको सहभागितामा समय सान्दर्भिक सफ्टवेयरहरुको निर्माण गरी कार्यालयमा सञ्चालनमा ल्याई भर्चुअल (Virtual) चिचिला गाउँपालिका बनाईनेछ ।

७) कार्यालयको गतिविधिहरुलाई निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक, ट्विटर, युट्युबमा आधिकारिक एकाउण्टबाट अझ प्रभावकारीहरुमा प्रयोग गरिनेछ ।

८) Paperless Office को अवधारणालाई लागु गर्न गाउँपालिकामा हुने तथा गरिने सम्पूर्ण क्रियाकलापहरुको सफ्ट कपि सूचना तथा अभिलेख केन्द्रमा डिजिटल भण्डारण गरिने व्यवस्था मिलाइनेछ ।

## ४. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ

१. स्थानीय वातावरण अनुकूलनका वन पैदावरहरुको विस्तार, भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गरिनेछ ।

२. चिचिला गाउँपलिकामा रहेका सामूदायिक वनलाई सक्रिय बनाई सामुदायिक वनलाई आयमूलक बनाउने नीति अवलम्बन गरिनेछ ।

३. चिचिला गाउँपालिकामा रहेका तालतलैया क्षेत्रलाई संरक्षण र संबर्द्धन कार्यक्रम संचालन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गरिनेछ ।

४. चिचिला गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ ।

५. विकासात्मक गतिविधिहरु सञ्चालन गर्दा सडक दाँयाबाँया क्षेत्रहरुमा वृक्षरोपण अभियानलाई लागु गरिनेछ ।

६. वन व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही, उत्तरदायी र समावेशी बनाउन स्थानीय वन ऐन निर्माण गरी लागू गरिनेछ ।

७. नीजि क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्ने नीति अवलम्वन गरिने छ।

८. धरातल अनुरुप उन्नत जातको बोटबिरुवाको वृक्षरोपणलाई प्रोत्साहन गरिनेछ ।

९. चिचिला गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर कम्तीमा पाँच विरुवा रोप्ने कार्यक्रमलाई अनिवार्य गरिनेछ । सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घरपरिवारलाई विशेष सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।

१०. वातावरण अनुकुलका वन पैदावारहरुको विस्तार, विविधिकरण गरिनेछ । वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ ।

११. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावर उत्पादनको वृद्धि गरिनेछ ।

१२. वातावरण संरक्षण गर्न वृक्षरोपण कार्यक्रम सञ्चालन गर्दा तितेचाप, पाखासाँच, रानी चाप,लामपाते, साल, बेत, लालिगुराँस, चिमल, लौठसल्ला, धुपी, पाउलेनिया, अशोक, उत्तीस, ओखरलाई मुख्य प्राथमिकता दिइनेछ ।

१३. पर्यावरण संरक्षणलाई सामाजिक उत्तरदायित्वको कामको सूचीमा प्राथमिकता दिइनेछ ।

१४. वन्यजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजी क्षेत्रलाई आकर्षित गरिनेछ ।

१५. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभको न्यायोचित वितरण सुनिश्चित गरिनेछ ।

१६. वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ ।

१७. विभिन्न वाढि, पहिरो, लगायतका विपदबाट पुर्याउने क्षतिलाई तत्काल राहत, उद्दार र पुनःस्थापना गारिनेछ ।

१८. मानिस, पशुधन, वाली लगायत अन्य क्षेत्रमा आइपर्ने विपदको व्यवस्थापन गर्न विपद व्यवस्थापन प्रतिकार्य योजना तर्जुमा गरी लागू गरिनेछ ।

१९. प्राकृतिक प्रकोपको जोखिम व्यवस्थापनमा सामुदायिक क्षमता विकास गर्नुका साथै जोखिमयुक्त वस्तीको पहिचान गरी वस्ती स्थानान्तरण गर्न आवश्यक कदम चालिनेछ ।

२०. चिचिला गाउँपालिकामा रहेका जोखिमयुक्त क्षेत्रहरुलाई नक्साङ्कन गरी एकिकृत वस्ति निर्माणका लागि आवश्यक नीति अबलम्बन गरिनेछ ।

२१. चिचिला गाउँपालिका भित्र एक घर एक सुधारिएको चूल्होको व्यवस्था गरिनेछ ।

२२. जलवायु परिवर्तनमा पारिस्थिकीय प्रणाली, स्थानीय जनता र जीविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. प्रत्येक टोलको फोहोर मैला व्यवस्थापन गर्न सम्बन्धित टोल विकास संस्थासँग समन्वय गरिनेछ ।

**२१.** टोलस्तरमा टोल विकास संस्था, युवा क्लब, आमासमूह, बजार व्यवस्थापन समिति, विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी सरसफाई अभियानलाई अगाडी बढाईनेछ ।

२२. घर, जुठेल्नाबाट उत्पादन भएको फोहोरमैलालाई करेसाबारीमा पुनः प्रयोगमा ल्याउने व्यवस्था गरिनेछ ।

२३. गाउँपालिका भित्र खुलादिसा मुक्त क्षेत्र घोषणा भै सकेकोमा यसको प्रभावकारीताको विषयमा अनुगमन गरिनेछ ।अनुगमन गर्दा शौचलयको उचित प्रयोग नगरेमा वडापालिका तथा गाउँपालिकाबाट सेवा,सुविधाबाट बञ्चित गरिनेछ ।

२४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

२५. विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, नीजी क्षेत्र तथा टोल विकास संस्थासँग सहकार्य गरिनेछ ।

२६. विपद् कोषका स्थापना,सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कानुन तर्जुमा गरि लागू गरिनेछ ।

२७. विपद् न्यूनीकरण सम्बन्धी पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२८. निर्माणाधिन ५ शौया अस्पतालको निर्माणस्थल क्षेत्रमा व्यक्तिगत जग्गा जमिनमा क्षति भएको हुँदा रोकथाम तथा नियन्त्रणको कार्य गरिनेछ ।

२९. विपद् पूर्व तयारी खोज तथा उद्धारका लागि आवश्यक सामाग्रीको पूर्व भण्डारणको व्यवस्था गरिनेछ ।

३०. ठूला आयोजना अरूण तेस्रो जलविद्युत, तल्लो अरूण जलविद्युत आयोजना, उत्तर दक्षिण सडक आयोजनाबाट निस्कने फोहोरमैला, वातावरण प्रदूषण, धुलोधुवा खोला नदिमा फाली प्रदुषित भै रहेकाले उक्त कार्यहरूलाई रोकथाम तथा नियन्त्रण गर्न सम्बन्धित आयोजनाले नै गर्नु पर्नेछ नीति ल्याईनेछ ।

३१. ठूला आयोजना अरूण तेस्रो जलविद्युत आयोजना, तल्लो अरूण जलविद्युत आयोजना, उत्तर दक्षिण सडक आयोजना निर्माण गर्दा वातावरणीय नकरात्मक प्रभावले सो क्षेत्रको पशुपंछी, जलचर, वनपैदावारहरूमा असर पुग्ने हुँदा सम्बन्धित आयोजनाले पुनस्थापनाको व्यवस्थाप गरिनुपर्नेछ ।

## ४. सुशासन तथा संस्थागत क्षमता विकास तर्फ

### क) संस्थागत क्षमता विकास

१) गाउँपालिका स्थित सार्वजनिक निकायहरुबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहीको उचित मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

२) चिचिला गाउँपालिकामा रहेको जनशक्तिको पहिचान गरी गैरसरकारी संस्थाहरुले कुनै पनि कार्यक्रमको लागि जनशक्ति छनौट गर्दा समावेशीताको सिद्दान्त, सहायता मिलानको सिद्धान्त अवलम्बन गर्ने नीति लिइनेछ ।

३) गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ ।

४) गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरी सोही अनुरुप पदपूर्ति, समायोजन, दरबन्दी सिर्जना, सरुवा, बढुवा तथा वृत्ति विकास प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५) कर्मचारी प्रशासन सम्बन्धी विनियम, कर्मचारी कल्याण कोष, मर्मत सम्भार कोष लगायतका विनियम, निर्देशिका तथा कार्यविधिहरु तय गरिनेछ ।

६) पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई कार्यालय समयभन्दा अतिरिक्त कार्य सम्पादन गरे बापत कार्यबोझका आधारमा ती कर्मचारीहरुलाई एकरुपताका ढंगले प्रोत्साहन भत्ताको व्यवस्थापन गरीनेछ।

७) सरकारी तथा गैरसरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अभिलेख केन्द्रलाई सुदृढीकरण गरिनेछ ।

८) गाउँपालिका स्तरमा एकिकृत सेवा केन्द्रको अवधारणालाई सेवा प्रवाहमा जोड्न सकिने सम्भाव्यताको अध्ययन गरी उचित कार्यक्रम तय गरिनेछ ।

९) गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विषयगत कार्यालयहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुमा सुशासन कायम गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

१०) गाउँपालिकाको संस्थागत क्षमता वृद्धिका लागि क्षमता विकास योजना (capacity development plan) तय गरी जनशक्तिहरुका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम सन्चालन गरिने छ ।

११) गाउँपालिकाको वडा तथा टोलहरुमा घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

१२) समग्र गाउँपालिकाको दिगो विकासको सुनिश्चतताको लागि गुरुयोजना योजना, अवधिक योजना, मध्यकालीन खर्च संरचना, परियोजना बैक तथा क्षेत्रगत विकासका रणनीतिहरु तर्जुमा गरी कार्यन्वयन गरिने छ।

१३) विद्युतीय शासन प्रणाली (e-governance system) मार्फत चिचिला गाउँपालिका क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारवाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालन कार्यलाई अवलम्बन गरिनेछ ।

१४) टोल विकास संस्थाहरूको क्षमता विकास गर्दै थप जिम्मेवारी बनाउदै लगिनेछ । टोलभित्र रहेको योजना सञ्चालन अनुगमन श्रमदान गर्ने, राजश्व संकलन कार्यमा बढि जिम्मेवारी बनाईनेछ ।

१५) "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधिलाई आवश्यक संशोधन गरी निर्माण व्यवसायीको पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभावरहित प्रतिस्पर्धाको विकास गरिनेछ ।

१६) सार्वजनिक तथा ऐलानी जग्गा, घर लगायतका सम्पत्तिहरुको अद्यावधिक अभिलेख राखी उपयोगको व्यवस्था मिलाइनेछ।

१७) जमिनको स्वरुप, प्रकृति तथा जलवायुको आधारमा वर्गीकरण गरी भू-उपयोगको वैज्ञानिक नीति अवलम्बन गरिनेछ ।

**१८)** आर्थिक दायित्व सिर्जना हुने विषयमा कुनै पनि निर्णय गर्दा स्रोतको सुनिश्चितता कायम गरेर मात्र गरिनेछ ।

**ख) योजना व्यवस्थापन**

१) योजना तथा कार्यक्रम सञ्चालनलाई थप प्रभावकारी बनाउन योजना सञ्चालन सम्बन्धि कार्यविधि २०७४ लाई संशोधन गर्दै लगिनेछ ।

२) योजना तथा कार्यक्रमको गुणस्तरीयता कायम गर्न, समयमै सम्पन्न गर्न, अनुगमन कार्यलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

३) आयोजनाहरुको अनुगमन समितिको संयोजक, सम्बन्धित वडाको प्रतिनिधि र सदस्य सचिवको राय तथा सुझाव सहितको अनुगमन प्रतिवेदन पश्चात मात्र भुक्तानीको व्यवस्था गरिनेछ ।

४) अनुगमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन गाउँ कार्यपालिकाको कार्यालयको भूमिकालाई सबल, सक्षम तथा प्रभावकारी बनाइनेछ ।

५) सम्बन्धित टोलको आयोजनाहरुको राय तथा सुझाव सम्बन्धित टोलले समेत पेश गर्नुपर्नेछ ।

**ग)** बहु बर्षिया योजना, ठेक्का, उपभोक्ता समिति, टोल विकास संस्थाबाट निर्माण कार्य सम्पादन भएका कार्यहरूलाई अनुगमन समितिले अनुगमन प्रतिवेदन पेश भएपछि मात्र भुक्तानीको व्यवस्था गरिनेछ ।

**घ) सरकारी तथा गैर सरकारी संघ संस्था**

१. यस गाउँपालिकाक्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र गाउँ कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघ संस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२. चिचिला गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकाय तथा गैर सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

३. अरूण तेस्रो र तल्लो अरूण जलविद्युत आयोजना शेयर सम्बन्धि स्थानीयलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. परियोजना निर्माण तथा सञ्चालनको विषयमा लगानी बोर्ड र एस. ए. पि. डि. सि. सँग स्थानीय स्तरमा भएको समस्याको समाधान गर्न आवश्यक समन्वय सहकार्य गरिनेछ ।

५. अरूण तेस्रो परियोजना पि.डि.ए. मा साविक दिदिङ गा.वि.स. लाई मात्र अति प्रभावित क्षेत्र घोषणा भएतापनि साविक मत्स्यपोखरीको चिचिला बजार, कुवापानी, कसाने, देउराली क्षेत्र अति प्रभावित तथा साविक मत्स्यपोखरी गा.वि.स.को अन्य क्षेत्रलाई आंशीक प्रभावित क्षेत्रमा समावेश गर्न लगानी बोर्ड, नेपाल सरकारसँग अनुरोध गरी ती स्थानहरूलाई समावेश गर्न पहल गरिनेछ ।

**ङ) सेवा प्रवाहमा सूचना प्रविधि**

१. विद्युतीय सूचना प्रविधि सार्वजनिक सेवा प्रवाहका विभिन्न क्षेत्रहरुमा प्रयोग गरी स्वचालित सेवा प्रवाह बनाउन जोड दिइनेछ ।

२. सूचना प्रविधि मैत्रि बनाउन योजना, राजश्व लगायतका सफ्टवयेर प्रणलीहरूलाई निरन्तरता दिईनेछ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

४. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

५. स्थानीय रेडियोसँगको सहकार्यमा साप्ताहिक प्रसारण हुने गरी चिचिला गतिविधि रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा भिडियो डकुमेन्ट्रि कार्यक्रम सञ्चालन गरीनेछ ।

६. सञ्चारको माध्यमलाई व्यवस्थापन गर्न, सूचना प्रवाह गर्न यस गाउँपालिकाको वेबसाइटलाई चुस्त दुरुस्त बनाईनेछ ।

७. विकास निर्माणका सम्पूर्ण गतिबिधिहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत प्रचार प्रसार एवं जानकारी गराइनेछ ।

**च) सुशासन**

१) प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईमा योजनाहरुको मात्र नभएर विषयगत समितिका संयोजकले चिचिला गाउँकार्यापालिका भित्र हुने प्रशासनिक खर्च विवरण समेतको सार्वजानिक सुनुवाई सम्पन्न गरिने र सार्वजनिक सुनुवाईमा प्राप्त सल्लाह सुझावको कार्यन्वयन गरिने छ ।

२) आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी सुधारका विषयवस्तुहरुलाई प्रभावकारी पार्न नीतिगत कानुन तर्जुमा गरी लागू गरिने छ ।आवश्यकता परेमा सार्वजानिक खरिद नियमावली संशोधन गरिनेछ ।

३) नागरिक वडापत्रको निर्माण गरी वडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ ।

४) गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा रहेको उजुरीपेटिकालाई नियमित रुपमा खोली प्राप्त उजुरी तथा गुनासोहरुलाई आवश्यक सम्बोधन गरिनेछ ।

५) महालेखा परीक्षकको प्रतिवेदन उपर सम्बन्धित समितिमा छलफल गरी अविलम्व बेरूजु फछ्र्यौट गरिनेछ ।

६) सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले अधिकतम मितव्ययिताका साथ कार्यसम्पादन गरिनेछ ।

७) सार्वजनिक पद धारण गरेका व्यक्तिले मर्यादित, मितव्ययी एवम् उदाहरणीय रुपमा प्रस्तुत भई अनुकरणीय कार्यशैलीमा प्रस्तुत हुनुपर्नेछ ।

८) पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाइनेछ ।

९) सरकारी सवारी साधन सरकारी काममा अधिकृत व्यक्ति (authorized personnel) बाट मात्र प्रयोग गरिनेछ ।

१०) पालिकाभित्र रहेका सवारी साधनहरूलाई आवश्यक मर्मत सम्भार गरी प्रत्येक शाखामा व्यवस्थापन गरिने छ र वडा कार्यालयमा खटिएका कर्मचारीहरूलाई सवारी साधन नभएको हकमा आवासको व्यवस्थापन गरी अतिरिक्त समयमा पनि कामकाजमा खटाउन सकिनेछ ।

११) गाउँपालिकामा भएका पुराना प्रयोगमा आउन नसक्ने भई राखिएका सवारी साधन तथा अन्य सामाग्रीहरूलाई लिलाम बिक्रि गरिनेछ ।

१२) खरिद व्यवस्थापन समितिले आवश्यक पहिचान गरी कार्यपालिकामा पेश गरी खरिद गर्न सकिनेछ । आकस्मिक अवस्थामा ५० हजारसम्म खरिद समितिले खरिद गरी कार्यपालिकाले अनुमोदन गर्न

सक्नेछ । ५० हजारभन्दामाथि खरिद गर्नु परेमा लागत ईष्टिमेट, स्पेसिफिकेशन विवरण तयार गरी खरिद समितिले कार्यपालिकामा जानकारी तथा निर्णय गराई खरिद प्रक्रिया अगाडि बढाउन ब्यवस्था मिलाईनेछ ।

१३) खरिद समितिद्धारा खरिद गरेका सामाग्रीहरू खरिद व्यवस्थापन समितिद्धारा अनुगमन समितिबाट अनुगमन तथा निरिक्षक गरी दाखिला गर्ने व्यवस्था गरिनेछ ।

१४) चिचिला गाउँपालिकामा आवश्यक कानुन निर्माण तथा आवश्यक संशोधन गर्दै कानुनको शासनलाई प्रभावकारी बनाउदै लगिनेछ ।

१५) चिचिला गाउँपालिकामा कुनै जनप्रतिनिधि वा कर्मचारीको कार्यकालमा भएको कार्यलयको आर्थिक लेनदेन वा कारोवार भुक्तानी नभएमा निज जिम्मेवार व्यक्तिबाट असुल उपर गर्ने ।(शिक्षा, स्वास्थ्य, शहकारी)

१६) गाउँपालिका भित्र करारमा कार्यरत कर्मचारीहरु करार सम्झौतामा उल्लेख गरिएबमोजिम काम काजमा खटाइने छ, सम्बन्धीत शाखालाई विना जानकारी अनुपस्थित तथा सेवा प्रवाहमा असुविधा देखिएमा दैनिक हाजिरिको आधारमा निजको तलब भत्ता कट्टा गरिनेछ । साथै सेवा प्रवाहमा उत्कृष्टता देखिएमा पुरस्कृत समेत गरिनेछ ।

१७) गाउँपालिकाको वार्षिक उत्सवको समयमा उत्कृष्टताका आधारमा जग्गादाता, करदाता, जनप्रतिनिधि, कर्मचारी, उद्यमी व्यवसायी तथा सहयोगी व्यक्ति वा संघ संस्थाहरुलाई सम्मान गरिनेछ ।

### छ) राजस्व तथा आन्तरिक श्रोत परिचालन

१) आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२) आगामी आ.व. २०८०।८१ मा राजस्व संकलनमा गाउँपालिका भित्रका कर्मचारी तथा टोल विकास, संस्थालाई जिम्मेवारी वनाइने छ ।साथै राजश्व संकलनमा खटिएका व्यक्ति वा संस्थालाई अनुगमन वा नियमन गर्न सम्बन्धित वडामा अनुगमन समिति गठन गरिनेछ ।

३) करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

४) कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

५) राजश्व संकलनको आधारमा वडाहरूलाई योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

६) राजश्व तथा आन्तरिक स्रोत परिचालनलाई चिचिलाको समृद्धीको आधार बनाईनेछ ।

७) गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा पाइने वन पैदावार, घरेलु उत्पादित वस्तु तथा सामाग्री, ढुङ्गा, गिटी, बालुवाको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

८) चिचिला गाउँपालिका क्षेत्रका सबै व्यवसायीहरुलाई अनिवार्य व्यवसाय दर्ता तथा नवीकरण गराई करको दायरामा ल्याइनेछ ।करको दायरामा ल्याउनको लागि टोलस्तरमा घुम्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

९) चिचिला गाँउपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न २०५० सालमा नाप नक्सा भई दर्ता हुन बाँकी रहेका व्यक्तिले भोगचलन गरिरहेका नापी नक्सा कित्ता नं उठेका फिल्ड बुकमा भएका जग्गालाई दर्ता भएका जग्गा भन्दा आधा ५०% कमका दरले करको दायरमा ल्याई केन्द्र सरकार सँग पुन नापी नक्सा गर्न वा दर्ता प्रक्रिया अगाडी बढाई धनी पुर्जा वितरण गर्न पहल गरिने छ ।

१०) गाँउपालिका अन्तर्गत पर्ने मुख्य सडकहरुमा सडक उपभोग कर सवारी (साधनको पटके कर) उठाई आन्तरिक आयको दायरालाई बढाइने छ।

११) करको दर बढाउनु भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।

१२) करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

१३) करको बारेमा जानकारी दिन स्थानीय पाठक्रममा स्थानीय कर प्रणाली सम्बन्धी बिषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ ।

१४) करको दायरालाई फराकिलो बनाउन समयमा (पौष मसान्त भित्र)कर तिर्ने करदातालाई १०% छुट तथा एक आर्थिक वर्ष (आषाढ मसान्त) भन्दा पछि तिर्ने करदातालाई ५०% जरिवाना तथा दुई आर्थिक वर्ष पश्चात कर तिर्ने कर दातालाई १०० % जरिवानाको व्यवस्था गरिनेछ ।साथै यो सूचना सम्पूर्ण टोलविकास संस्थाहरुलाई सूचित गरिनेछ ।

**ज) न्याय, कानून तथा मानव अधिकार**

१) आधारभूत न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न न्यायिक पहुँच सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२) मेलमिलापको माध्यमबाट स्थानीय विवादमा विषयहरु निरुपण गर्ने प्रक्रियालाई बढावा दिन मेलमिलाप केन्द्र वडास्तरमा स्थापना गरि सेवा प्रवाह गरिनेछ ।

३) न्यायिक इजलासलाई व्यवस्थित गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ ।

४) मानव अधिकारको संरक्षण, बाल अधिकारको संरक्षण, घरेलु हिंसाको अन्त्य गर्न विशेष कार्यक्रम तय गरिनेछ ।

अन्त्यमा, चिचिला गाउँपालिकाको नीति तथा कार्यक्रम तय गर्न निरन्तर सहायता प्रदान गर्नुहुने जनप्रतिनिधि तथा कर्मचारीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद ।**